apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: १७१ ● पृष्ठ: ४ ● २४ असार २०८३ बुधबार (08 July 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## सिरहा नगरपालिकामा सुशासनको माग गर्दै रास्वपाको २१ बुँदे ज्ञापनपत्र

शिक्षा, स्वास्थ्य, बजेट पारदर्शिता र सेवा प्रवाह सुधारका लागि तत्काल पहल गर्न आग्रह, कार्यान्वयनयोग्य माग सम्बोधन गरिने नगर प्रमुखको प्रतिबद्धता

रुन्केश कामती/अपन दैनिक
सिरहा, असार २३ गते



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सिरहा नगर कार्यसमितिले सिरहा नगरपालिकामा सुशासन, पारदर्शिता, सार्वजनिक सेवा प्रवाह र जनउत्तरदायित्व सुदृढ गर्न माग गर्दै नगर प्रमुख डा. नवीन कुमार यादवलाई २१ बुँदे ज्ञापनपत्र बुझाएको छ।

नगर सभापति जितेन्द्र यादवको नेतृत्वमा बुझाइएको ज्ञापनपत्रमा नगर प्रशासनलाई पारदर्शी, जवाफदेही र नागरिकमैत्री बनाउन आवश्यक नीतिगत निर्णय तथा प्रभावकारी कार्यान्वयन गर्न आग्रह गरिएको छ।

ज्ञापनपत्रमा निजी विद्यालयको शुल्क नियमन, सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार, नगरपालिकाको बजेट, खर्च, विकास योजना तथा कार्यपालिका बैठकका निर्णय नियमित रूपमा सार्वजनिक गर्न, स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न तथा दैनिक ज्यालादारी कर्मचारीको व्यवस्थापन गर्न माग गरिएको छ।

त्यसैगरी विकास निर्माणका योजनामा पारदर्शिता कायम गर्न, किसानलाई समयमै मल-बिउ उपलब्ध गराउन, सार्वजनिक पार्किङ व्यवस्थापन, सडक बत्ती सञ्चालन, निजी अस्पतालको नियमित अनुगमन, बजार व्यवस्थापन, सरसफाइ, नाला सफाइ तथा फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्ने माग पनि ज्ञापनपत्रमा समावेश गरिएको छ।

रास्वपाले नगर परिषद् तथा योजना तर्जुमा प्रक्रियामा राजनीतिक दलका आधिकारिक प्रतिनिधिको सहभागिता सुनिश्चित गर्न, नगरपालिकाबाट हुने सूचना तथा विज्ञापन प्रकाशनलाई पारदर्शी बनाउन तथा निर्माणाधीन चन्द्र माध्यमिक विद्यालय परिसरमा गुट्खा, सुर्तीजन्य पदार्थ र मदिराको बिक्री-वितरण रोक्न पनि माग गरेको छ।

रास्वपाले आफ्ना मागहरू कुनै राजनीतिक आग्रह वा पूर्वाग्रहका आधारमा नभई नागरिक हित, सुशासनको प्रवर्द्धन तथा पारदर्शी स्थानीय शासन स्थापना गर्ने उद्देश्यले अघि सारिएको उल्लेख गर्दै नगरपालिकासँग आवश्यक निर्णय गरी कार्यान्वयन प्रक्रिया तत्काल अघि बढाउन आग्रह गरेको जनाएको छ।

बाँकी पृष्ठ ३ ▸▸

## सब डिभिजन वन कार्यालय प्रमुख घुस रकमसहित पक्राउ



अपन दैनिक संवाददाता
सिरहा, असार २३ गते

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिबासले सिरहाबाट एक वन अधिकृतलाई घुस रकमसहित पक्राउ गरेको छ। अख्तियारले सब डिभिजन वन कार्यालय बन्दिपुरका प्रमुख रामकेवल राय यादवलाई घुससहित पक्राउ गरेको हो।

यादवलाई १२ हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा कर्जन्हा नगरपालिका- ४ बाट रंगेहात पक्राउ गरिएको अख्तियारले जनाएको छ। यादवले कर्जन्हा-२ मा रहेको एक काठ उद्योगका सञ्चालकसँग तीन ट्रक काठ विभिन्न स्थानबाट ल्याएबापत प्रतिट्रक चार हजारका दरले घुस मागेका थिए।

यस विषयमा सेवाग्राहीले उजुरी गरेपछि अख्तियारले आवश्यक अन्य प्रमाणहरू संकलन गर्दै मंगलबार घुस रकमसहित वन अधिकृत यादवलाई पक्राउ गरेको हो। अहिले अख्तियारको टोली घटनास्थलमै रहेको र मुचुल्कालगायतका काम भइरहेको बर्दिबासस्थित अख्तियारका प्रवक्ता प्रकाश पोखरेलले जानकारी दिए।

बाँकी पृष्ठ २ ▸▸

## जनकपुरका निजी अस्पतालमा श्रम कार्यालयको अनुगमन तीव्र

अपन दैनिक संवाददाता
जनकपुरधाम, असार २३ गते



श्रम तथा रोजगार कार्यालय जनकपुरधामले श्रमसम्बन्धी कानुनी व्यवस्था कार्यान्वयनको अवस्था बुझ्न निजी व्यापारिक प्रतिष्ठान, शैक्षिक संस्था तथा अस्पतालहरूमा अनुगमनलाई तीव्र बनाएको छ।

कार्यालयले पछिल्लो समय जनकपुरधामस्थित निजी अस्पतालहरूमा विशेष निगरानी थालेको छ। सोही क्रममा मंगलबार जनकपुरधाम-१ स्टेसन एरिया स्थित धनुषा अस्पतालमा अनुगमन गरिएको हो।

श्रम तथा रोजगार कार्यालयका निमित्त प्रमुख रञ्जित यादवका अनुसार अनुगमनका क्रममा कर्मचारीहरूले सरकारले तोकेको न्यूनतम पारिश्रमिक पाए-नपाएको, रोजगार सम्झौता गरिएको अवस्था, सामाजिक सुरक्षा कोषमा आबद्धता तथा श्रम ऐनको पालना भए-नभएको विषयमा व्यवस्थापन पक्ष र कर्मचारीसँग छलफल गरिएको छ।

उनले अनुगमनका क्रममा देखिएका कमजोरीबारे सम्बन्धित प्रतिष्ठानलाई आवश्यक सचेत गराउँदै सुधारका लागि निर्देशन दिइने र अटेर गरे कानुनी कारबाहीका लागि सिफारिस गर्ने प्रक्रिया अपनाइने बताए।

यादवका अनुसार हालसम्म गरिएको अनुगमनबाट धेरै निजी प्रतिष्ठानमा कार्यरत कर्मचारीले सरकारले तोकेको न्यूनतम पारिश्रमिक समेत नपाएको तथा सामाजिक सुरक्षा कोषबारे पर्याप्त जानकारी नरहेको

बाँकी पृष्ठ ४ ▸▸

## बडहरामाल स्वास्थ्य चौकीमा टीबी च्याम्पियन क्लब गठन

रामनारायण ठाकुर
सिरहा, असार २३ गते



सम्भावित क्षयरोगका बिरामीको समयमै पहिचान र सहयोग उदेश्य सहित सिरहाको कर्जन्हा नगरपालिका अन्तर्गत बडहरामाल स्वास्थ्य चौकीमा टीबी च्याम्पियन क्लव गठन भएको छ। नेपाल सरकार, ग्लोबल फन्ड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) बीचको त्रिपक्षीय साझेदारीमा बागमती सेवा समाज नेपालद्वारा सञ्चालित क्षयरोग (टीबी) परियोजनाअन्तर्गत मंगलबार टीबी च्याम्पियन क्लब गठन गरिएको हो।

समुदायमा क्षयरोगसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने, सम्भावित बिरामीको समयमै पहिचानमा सहयोग गर्ने, उपचाररत बिरामीलाई मनोसामाजिक सहयोग उपलब्ध गराउने तथा सामाजिक लाञ्छना र विभेद न्यूनीकरण गर्ने उद्देश्यले क्लब गठन गरिएको स्वास्थ्य कार्यालय सिरहाका क्षयरोग तथा कुष्ठरोग अधिकृत चन्द्रकिशोर यादवले जानकारी दिए।

बागमती सेवा समाज नेपालका क्षयरोग परियोजना कार्यक्रम व्यवस्थापक नथुनी कुमार मण्डलले टीबी च्याम्पियन क्लबले समुदायमा रहेका क्षयरोगसम्बन्धी भ्रम, गलत धारणा तथा सामाजिक लाञ्छना अन्त्य गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा कर्जन्हा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सुन्दरकुमार सदा, बडहरामल स्वास्थ्य चौकी प्रमुख बलरामलाल दास, क्षयरोग फोकल पर्सन नन्दलाल यादव, ओपीडी फोकल पर्सन नवलेन्द्र अधिकारी, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, टीबी च्याम्पियन, शिक्षक, सञ्चारकर्मी, बागमती सेवा समाज नेपालका कर्मचारी तथा अन्य सरोकारवालाको

बाँकी पृष्ठ ३ ▸▸

## १५ वर्षसम्म पनि अधुरो कमला पुल निर्माण, सास्ती भोग्दै स्थानीय



अपन दैनिक संवाददाता
सिरहा, असार २३ गते

हुलाकी राजमार्गअन्तर्गत कमला नदीमा निर्माणाधीन पुल १५ वर्ष बितिसक्दा पनि सम्पन्न हुन सकेको छैन। हरेक वर्खामा आउने बाढीका कारण सिरहा र धनुषाका हजारौं नागरिक आवतजावतमा सास्ती भोग्न बाध्य छन्।

नदीको बीचमा अधुरा पिलर र खिया लागेका फलामे डन्डी अहिले पनि पुल निर्माण अलपत्र परेको अवस्थाको प्रतीक बनेका छन्।

विसं २०६८ मा पुल निर्माण सुरु हुँदा स्थानीयवासीले वर्खायाममा सहज आवतजावत, प्रदेश राजधानी जनकपुरधामसम्म छोटो यात्रा, कृषि उपजको सहज ढुवानी तथा स्वास्थ्य सेवामा पहुँच बढ्ने अपेक्षा गरेका थिए।

बाँकी पृष्ठ ३ ▸▸

## दुर्गा प्रसाईं समूहद्वारा जनकपुरमा सरकारविरुद्ध प्रदर्शन



अपन दैनिक संवाददाता
जनकपुरधाम, असार २३ गते

दुर्गा प्रसाईं नेतृत्वको नागरिक बचाउ महाअभियानले मंगलबार जनकपुरधाममा सरकारविरुद्ध प्रदर्शन गरेको छ।

वर्तमान सरकारको कार्यशैली, सुशासन र प्रशासनिक अवस्थाप्रति असन्तुष्टि व्यक्त गर्दै प्रसाईंको नेतृत्वमा देशका विभिन्न स्थानबाट आएका महाअभियानका समर्थकहरूले जनकपुरधामका मुख्य सडकमा विरोध प्रदर्शन गरेका हुन्।

जानकी मन्दिर परिसरबाट सुरु भएको र्‍याली जनकचोक, शिवचोक, भानुचोक हुँदै नगरका विभिन्न भागको परिक्रमा गर्दै शिव चोकमा पुगेर कोण सभामा परिणत भएको थियो।

प्रदर्शनका क्रममा सहभागीहरूले भ्रष्टाचार नियन्त्रण, सुशासन कायम, जनउत्तरदायी शासन र प्रशासनिक

बाँकी पृष्ठ ४ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

# सम्पादकीय...

## मदिरा तस्करी रोक्न नेपाली सुरक्षाकर्मीको भूमिका

भारतको विहार राज्यमा मदिरामाथि लागू गरिएको प्रतिबन्धलाई एक दशकभन्दा बढी समय बितिसकेको छ। प्रतिबन्धको उद्देश्य सामाजिक तथा स्वास्थ्यसम्बन्धी समस्या न्यूनीकरण गर्नु हो। त्यही भएर अवैध मदिरा तस्करीको विस्तार अहिले ठूलो रुपमा देखिएको छ। पश्चिम बंगाल, झारखण्ड लगायतका भारतीय राज्यबाट मात्र होइन, नेपालबाट समेत ठूलो परिमाणमा मदिरा विहार पुर्‍याइने गरेको घटनाहरू पटक-पटक सार्वजनिक हुँदै आएका छन्। यसले सीमापार अपराध नियन्त्रणमा नेपाल र भारत दुवै देशका सुरक्षा निकायको प्रभावकारितामाथि प्रश्न उठाएको छ। नेपाल-भारत खुला सीमाले दुई देशबीचको ऐतिहासिक, सांस्कृतिक र आर्थिक सम्बन्धलाई सहज बनाएको छ। तर यही खुलापनलाई केही आपराधिक समूहले गैरकानुनी गतिविधिका लागि प्रयोग गरिरहेका छन्। नेपालबाट मदिरा विहारसम्म नियमित रूपमा पुग्नु भनेको सीमामा रहेका सुरक्षा संयन्त्रको निगरानी पर्याप्त प्रभावकारी छैन भन्ने संकेत पनि हो। सीमामा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा अन्य सम्बन्धित निकायको उपस्थिति हुँदाहुँदै ठूलो मात्रामा मदिरा तस्करी हुनु गम्भीर विषय हो।

भारतीय सुरक्षा बल एसएसबीले बेला-बेलामा नेपाली सीमाबाट लगिएको मदिरा बरामद गर्ने र तस्करलाई नियन्त्रणमा लिने घटनाहरू सार्वजनिक हुने गरेका छन्। यस्ता घटनाले नेपाली सुरक्षा निकायको भूमिकाबारे स्वाभाविक प्रश्न उठाउँछन्। यदि मदिरा नेपालबाट निर्बाध रूपमा सीमापार पुगिरहेको छ भने त्यसलाई रोक्न नेपाली पक्षले किन प्रभावकारी निगरानी गर्न सकेन भन्ने प्रश्नको जवाफ खोजिनुपर्छ। यसलाई भारतको आन्तरिक कानुनी व्यवस्था भन्दै पन्छिन मिल्दैन, किनकि नेपालको भूमिबाट हुने गैरकानुनी गतिविधिले नेपालको छवि र विश्वसनीयतामा समेत असर पार्छ। सीमापार अपराध एकतर्फी प्रयासले नियन्त्रण हुन सक्दैन। नेपालबाट मदिरा तस्करी रोक्न सीमावर्ती क्षेत्रमा गस्ती बढाउने, खुफिया सूचना आदानप्रदानलाई प्रभावकारी बनाउने, शंकास्पद गतिविधिमाथि कडा निगरानी गर्ने तथा तस्करीमा संलग्न गिरोह र उनीहरूलाई संरक्षण गर्ने जो-कोहीमाथि निष्पक्ष कारबाही गर्न आवश्यक छ। यदि सुरक्षा निकायभित्रको मिलेमतो वा लापरबाहीका कारण यस्तो अपराध मौलाइरहेको छ भने त्यसको निष्पक्ष छानबिन र कठोर कारबाही अपरिहार्य हुन्छ।

यस विषयको अर्को महत्वपूर्ण पक्ष पारस्परिक उत्तरदायित्व हो। नेपालले आफ्नो भूमिबाट हुने मदिरा तस्करी नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गर्न सकेमा भारतबाट नेपालतर्फ हुने अवैध लागुऔषध, हतियार वा अन्य गैरकानुनी वस्तुको तस्करी रोक्न भारतीय पक्षसँग अझ बलियो रूपमा जिम्मेवारी माग गर्न सक्ने नैतिक र कूटनीतिक आधार बन्छ। सीमापार अपराध नियन्त्रणमा दुवै देश समान रूपमा जिम्मेवार हुनुपर्छ भन्ने सन्देश पनि त्यसबाट स्थापित हुन्छ। नेपाल र भारतबीचको खुला सीमा विश्वास, सहकार्य र पारस्परिक सम्मानको प्रतीक हो। त्यसलाई तस्करी र संगठित अपराधको माध्यम बन्न दिनु दुवै देशका लागि दीर्घकालीन चुनौती बन्न सक्छ। त्यसैले मदिरा तस्करीलाई सामान्य आर्थिक अपराधका रूपमा होइन, सीमापार सुरक्षा र कानुनी शासनसँग जोडिएको गम्भीर विषयका रूपमा हेर्न आवश्यक छ। नेपालका सुरक्षा निकायले आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्दै सीमाबाट हुने गैरकानुनी गतिविधिमा शून्य सहनशीलताको नीति अपनाउनुपर्छ। सीमाको सुरक्षा केवल भौगोलिक सीमा जोगाउने विषय मात्र होइन, राज्यको विश्वसनीयता, कानुनी शासन र अन्तर्राष्ट्रिय सम्बन्धको प्रतिष्ठासँग पनि जोडिएको विषय हो। मदिरा तस्करी नियन्त्रणमा नेपाली पक्ष सक्रिय र परिणाममुखी बन्न सके मात्र सीमापार हुने अन्य अपराध नियन्त्रणका लागि भारतसँग समान स्तरमा जवाफदेहिता माग्ने आधार अझ मजबुत हुनेछ।

### सब डिभिजन वन कार्यालय ...........

'हाम्रो टोलीले वन अधिकृतलाई नियन्त्रणमा लिइसकेर अहिले मुचुल्कालगायतका कानूनी प्रक्रियाहरू पूरा गर्ने काम गरिरहेको छ,' उनले अपन दैनिकलाई भने, 'ती काम भइसकेपछि बर्दिबास ल्याउँछौं।'

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४

# मधेशमा अब प्रदेश प्रहरी

### संघीय सरकारले प्रहरी समायोजन नगरेपछि आफ्नै प्रहरी भर्ना प्रक्रिया अघि बढाउने मधेश सरकारको तयारी



✍ वीरेन्द्र रमण

संविधान जारी भएको झन्डै एक दशकपछि मधेश प्रदेश सरकारले संघीय सरकारको प्रतीक्षा छाडेर आफ्नै प्रहरी भर्ना प्रक्रिया अघि बढाउने तयारी गरेको छ।

संघीय सरकारले प्रहरी समायोजन नगर्दा प्रदेश सरकार शान्ति सुरक्षाको संवैधानिक अधिकारबाट वञ्चित भएको निष्कर्षमा पुगेको मधेश सरकारले आगामी आर्थिक वर्षको बजेटमै प्रदेश प्रहरी भर्नाका लागि रकम छुट्याएको छ।

असारको प्रदेशसभामा बजेट प्रस्तुत गर्दै अर्थमन्त्री युवराज भट्टराईले शान्ति सुरक्षा सुदृढ बनाउन प्रदेश प्रहरी ऐन कार्यान्वयनमा ल्याइने र यसै आर्थिक वर्षदेखि नयाँ प्रदेश प्रहरी भर्ना प्रक्रिया सुरु गर्न आवश्यक बजेट व्यवस्था गरिएको बताएका थिए। आर्थिक वर्ष २०८३/८४ मा 'मधेश प्रदेश प्रहरी भर्ना एवं व्यवस्थापन' शीर्षकमा मधेश सरकारले एक करोड रुपैयाँ विनियोजन गरेको छ। 'प्रदेश स्वयंसेवक प्रहरी परिचालन तथा व्यवस्थापन' शीर्षकमा थप चार लाख रुपैयाँ छुट्याइएको छ।

गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो यस्तो निर्णय संघीय सरकारसँगको असन्तुष्टि मात्रै नभई संवैधानिक अधिकारको उपयोग पनि भएको बताउँछन्। "सरकार पनि भन्ने, शान्ति सुरक्षाको अधिकार पनि दिने तर प्रहरी समायोजन नगर्ने ? यसले संघीय सरकारको संघीयताप्रतिको मनसाय प्रस्ट पारेको छ," महतो भन्छन्, "प्रहरीविना शान्ति सुरक्षा हुन सक्दैन। त्यसैले हामी प्रदेश प्रहरी भर्नाको निर्णयमा पुगेका हौं।"

प्रदेश सरकार गठन भएदेखि नै मधेशले प्रहरी समायोजनलाई आफ्नो मुख्य राजनीतिक मुद्दा बनाउँदै आएको छ। पहिलो कार्यकालमा प्रदेशका सर्वदलीय टोलीले पटक पटक संघीय सरकारसँग प्रहरी समायोजनको माग गरेका थिए। मधेश सरकारले जनकपुरधाममा संघीय सरकारविरुद्ध धर्नासमेत दिएको थियो।

महतो भन्छन्, "प्रदेश सरकार अब केन्द्रको निर्णय कुरेर बस्ने अवस्थामा छैन। स्थानीय तहले त नगर प्रहरी राख्न पाउँछ। प्रदेश सरकारलाई प्रहरी नदिने हो भने जनताले कसरी प्रदेशको अनुभूति गर्ने?"

**पुरानो माग, नयाँ निर्णय**

मधेश प्रदेशले २०७५ सालमै प्रदेश प्रहरी ऐन बनाएको थियो। १५ पुस २०७५ मा प्रमाणीकरण भएको ऐन राजपत्रमा समेत प्रकाशित भइसकेको छ।

ऐनको प्रस्तावनामा प्रदेशभर शान्ति सुरक्षा कायम गर्न, अपराध रोकथाम, नियन्त्रण र अनुसन्धान गर्न तथा मानवअधिकारको सम्मान गर्दै कानुन कार्यान्वयनका लागि प्रदेश प्रहरी गठन आवश्यक भएको उल्लेख छ।

पूर्वमुख्यमन्त्री लालबाबु राउतका अनुसार उनको सरकारकै पालामा प्रदेश प्रहरी ऐन बनाइए पनि संघीय सरकारसँग समन्वय गरेर अघि बढ्ने प्रयास असफल भयो। "सबै प्रधानमन्त्रीसँग भेटिसक्यौं। संघीय सरकारविरुद्ध धर्ना बस्यौं। तर, सरकार गम्भीर देखिएन," राउत भन्छन्, "प्रहरी समायोजनविना संघीयता कसरी कार्यान्वयन हुन्छ?"

संघीय सरकारले पनि नेपाल प्रहरी र प्रदेश प्रहरीको सञ्चालन, सुपरिवेक्षण र समन्वयसम्बन्धी ऐन, २०७६ ल्याएको थियो। २८ माघ २०७६ मा राजपत्रमा प्रकाशित उक्त ऐनको पहिलो संशोधन २०७९ सालमा भएको छ। ऐनले नेपाल प्रहरी र प्रदेश प्रहरीको क्षेत्राधिकार तथा जिम्मेवारी छुट्याएको छ। ऐन बने पनि समायोजन कार्यान्वयनमा आउन सकेको छैन।

कानुनमा प्रदेश प्रहरीको परिकल्पना छ तर व्यवहारमा प्रदेश सरकारको मातहत प्रहरी छैन। यही अन्तरले मधेश सरकारलाई आफ्नै भर्ना प्रक्रिया अघि बढाउने निर्णयसम्म पुर्‍याएको राउतको भनाइ छ।

**अधिकार छ, संरचना छैन**

मधेश सरकारले बनाएको प्रदेश प्रहरी ऐनमा जनपद प्रहरी, प्राविधिक प्रहरी, पर्यटन प्रहरी, सामुदायिक प्रहरी र ट्राफिक प्रहरी गरी पाँच प्रकारका प्रहरीको व्यवस्था छ। ऐनले प्रहरीको श्रेणी, पद, संरचना, दरबन्दी र कार्यक्षेत्रसमेत परिभाषित गरेको छ।

प्रदेश प्रहरीको संगठन संरचना र प्रहरी कर्मचारीको संख्या नेपाल सरकारको सहमतिमा प्रदेश सरकारले तोक्ने व्यवस्था छ। सहमति माग्दा संघीय सरकारले एक महिनाभित्र निर्णय दिनुपर्ने र समयमै सहमति नआए प्रदेश सरकारलाई निर्णय गर्न बाधा नपर्ने व्यवस्था पनि ऐनमा उल्लेख छ।

मधेश सरकार यही प्रावधानलाई आधार बनाएर अघि बढ्न खोजिरहेको छ। तर, भर्ना खुलेपछि नियुक्त प्रहरी कुन कमान्डअन्तर्गत रहने। तालिम कहाँ हुने। प्रदेश लोकसेवा आयोगको भूमिका के हुने। नेपाल प्रहरीसँग समन्वय कसरी हुने। अपराध अनुसन्धानको क्षेत्राधिकार कहाँसम्म हुने जस्ता प्रश्नको स्पष्ट जवाफ भने सरकारले दिएको छैन।

प्रदेश सरकारका अधिकारीहरू संघीय सरकारले निर्णय नदिएर प्रदेशलाई सधैँ प्रतीक्षामा राख्न नमिल्ने तर्क गर्छन्। उनीहरूको भनाइमा संविधानले दिएको अधिकार प्रयोग गर्न प्रदेश सरकारले आफ्नो कानुन र बजेटको तयारी अघि बढाउनु स्वाभाविक हो।

नेपाली कांग्रेसका प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री रामसरोज यादव प्रदेश सरकारलाई शान्ति सुरक्षाबारे जवाफदेह बनाइए पनि प्रहरी आफ्नो मातहत नहुँदा शासन सञ्चालनमै समस्या देखिएको बताउँछन्। "प्रदेशसभामा शान्ति सुरक्षाका विषय उठ्छन्," यादव भन्छन्, "तर, प्रहरी आफ्नो अधीनमा नहुँदा सम्बन्धित मन्त्रीले के जवाफ दिने भन्ने अवस्था हुन्छ। त्यसैले प्रहरी समायोजन आवश्यक छ।"

उनका अनुसार मधेशमा सुरक्षा, सीमा, अपराध नियन्त्रण, ट्राफिक व्यवस्थापन र स्थानीय प्रशासनसँग जोडिएका धेरै मुद्दा प्रदेश सरकारको राजनीतिक जवाफदेहीभित्र पर्छन्। तर, प्रहरी परिचालनको वास्तविक अधिकार संघीय संरचनामै अड्किँदा प्रदेश सरकार कमजोर देखिएको छ।

**संघीयताको अधुरो अभ्यास**

मधेशमा प्रदेश प्रहरीको मुद्दा प्रशासनिकभन्दा बढी राजनीतिक छ। मधेश आन्दोलनको पृष्ठभूमिबाट आएको प्रदेश राजनीतिले संघीयतालाई केवल संवैधानिक व्यवस्था होइन, अधिकार हस्तान्तरणको अवसरका रूपमा बुझ्दै आएको छ। त्यसैले प्रहरी समायोजनको ढिलाइलाई मधेशका नेताहरूले सिंहदरबारको पुरानै केन्द्रीकृत मानसिकताको निरन्तरताका रूपमा व्याख्या गर्छन्।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव संघीयता कार्यान्वयनका लागि संघीय सरकारले बनाउनुपर्ने कतिपय कानुन नबनाएको र बनेका कानुन पनि संघीयतामैत्री नभएको बताउँछन्। "अहिले संघीयताप्रति नकारात्मक भावना जगाउने काम भइरहेको छ," यादव भन्छन्, "तर, संघीय सरकारले गर्नुपर्ने काम किन गरिरहेको छैन भन्ने प्रश्न कम उठ्छ। संघीयता कार्यान्वयनमा संघीय सरकारकै कतिपय ऐन-कानुन बाधक छन्।"

यादवको भनाइमा संघीयता कागजमा लेखिएर मात्रै कार्यान्वयन हुँदैन। अधिकार, कर्मचारी, स्रोत र संरचना प्रदेशमा हस्तान्तरण नभएसम्म प्रदेश सरकारहरू नाम मात्रका सरकार बन्न पुग्छन्। मधेश सरकारको प्रहरी भर्ना तयारी यही असन्तुष्टिको पछिल्लो रूप हो।

**प्रदेश प्रहरीले के गर्न पाउँछ ?**

नेपाल प्रहरी र प्रदेश प्रहरी कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वयसम्बन्धी ऐन, २०७६ ले प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार तोकेको छ।

ऐनअनुसार प्रदेश प्रहरीले प्रदेशभित्र शान्ति सुरक्षा तथा सार्वजनिक सुव्यवस्था कायम राख्ने, नागरिकको

बाँकी पृष्ठ ४ ▶▶

## आजको राशिफल

**मेष** : सुनिश्चित हुनेछ। लगानी लाभदायक बन्नेछ। आँट र साहसिक प्रयासले नयाँ अवसरहरू प्राप्त हुने संकेत छ।

**बृष** : पुराना आकाङ्क्षा पूरा हुने समय आएको छ। मिहिनेतको कदर हुनेछ। कर्मक्षेत्रमा प्रगति र सम्मान बढ्ने सम्भावना छ।

**मिथुन** : सकारात्मक सोच र पहलले अपेक्षित सफलता दिनेछ। नयाँ जिम्मेवारी हात पर्नेछ। प्रतिष्ठा र प्रभाव बढ्ने समय हो।

**कर्कट** : मिहिनेतको प्रतिफल पाइनेछ। अवरोध देखिए पनि धैर्यपूर्वक अघि बढ्दा उपलब्धि हासिल गर्न सकिनेछ।

**सिंह** : पारिवारिक सहयोग र सहकार्य प्राप्त हुनेछ। यात्राको योजना बन्न सक्छ। सम्बन्धहरू प्रगाढ र स्थायित्वपूर्ण बन्नेछन्।

**कन्या** : परीक्षा तथा प्रतिस्पर्धामा सफलता प्राप्त हुने संकेत छ। नयाँ जिम्मेवारी थपिन सक्छ।

**तुला** : आकाङ्क्षा सन्तुलित राख्दा लाभ हुनेछ। आत्मविश्वासमा वृद्धि हुनेछ।

**वृश्चिक** : आर्थिक योजना र पारिवारिक सहकार्यमा ध्यान दिनु उपयुक्त हुनेछ।

**धनु** : सहकार्य र धैर्यले समस्या समाधान हुनेछ। मन लागेको कार्यमा सन्तोषजनक उपलब्धि प्राप्त हुनेछ।

**मकर** : नयाँ काम थाल्न उपयुक्त समय हो। आर्थिक स्थायित्व आउने संकेत छ। परीक्षा र प्रतिस्पर्धामा सफलता मिल्नेछ।

**कुम्भ** : काम र परिवारबीच सन्तुलन कायम गर्न सकिनेछ। रणनीतिक परिवर्तन लाभदायक हुनेछन्।

**मीन** : व्यावसायिक सम्बन्धमा सावधानी अपनाउनु बुद्धिमानी हुनेछ। स्वास्थ्यमा सुधार देखा पर्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# कमला नहरमा समयमै पानी, सिरहा-धनुषामा धमाधम धान रोपाइँ

## २५ हजार हेक्टर क्षेत्रमा सिँचाइ, विस्तारपछि करिब ३० हजार हेक्टर लाभान्वित



**अपन दैनिक संवाददाता**
**सिरहा, असार २३ गते**

मधेश प्रदेशका अधिकांश किसान अझै वर्षाको प्रतीक्षामा रहेका बेला कमला सिँचाइ आयोजनाअन्तर्गत पर्ने धनुषा र सिरहाका किसान भने समयमै नहरमा पानी पुगेपछि धमाधम धान रोपाइँमा जुटेका छन्।

धनुषाको पोर्ताहास्थित कमला सिँचाइ व्यवस्थापन कार्यालयले असार १३ गतेदेखि नै धनुषातर्फको पश्चिमी नहर र सिरहातर्फको पूर्वी नहरमा सिँचाइका लागि पानी प्रवाह सुरु गरेपछि किसानलाई रोपाइँ गर्न सहज भएको हो।

कार्यालय प्रमुख रणधीरकुमार साहका अनुसार विगतमा प्रत्येक वर्ष साउन १ गतेदेखि मात्र नहर सञ्चालन गरिने भए पनि यस वर्ष किसानको आवश्यकतालाई ध्यानमा राख्दै समयअघि नै पानी छोडिएको हो। उहाँका अनुसार पश्चिमी नहरबाट धनुषामा १२ हजार ५ सय हेक्टर र पूर्वी नहरबाट सिरहामा १२ हजार ५ सय हेक्टर गरी २५ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। सहायक नहर र साना पैनी विस्तारसँगै अहिले करिब ३० हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध भएको कार्यालयले जनाएको छ।

कमला सिँचाइ आयोजनाअन्तर्गत धनुषाका गणेशमान चारनाथ, सबैला, सहिदनगर, विदेह, कमला, हँसपुर, औरही र जनकनन्दनी नगरपालिका तथा सिरहाका कर्जन्हा, मिर्चैया, कल्याणपुर, सिरहा र औरहीसहितका स्थानीय तहमा सिँचाइ सुविधा पुगेको छ। आयोजनाअन्तर्गत दुवै जिल्लामा मुख्य तथा सहायक गरी करिब ५०० किलोमिटर नहर सञ्जाल विस्तार गरिएको छ।

कार्यालयका अनुसार दुवै मुख्य नहरमा प्रतिसेकेन्ड १४ हजार लिटरका दरले पानी प्रवाह भइरहेको छ। यसबाहेक हर्दिनाथ सिँचाइ योजनामार्फत थप दुई हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराइएको छ।

धनुषाको गणेशमान चारनाथ नगरपालिका–९ बरमझियाका किसान रामपुकार यादवले समयमै नहरमा पानी पुगेकाले पर्याप्त वर्षा नभए पनि धान रोप्न कुनै समस्या नभएको बताए। अर्का किसान बलि शर्माले विगतका वर्षभन्दा यस पटक समयमै पानी आएकाले खेती गर्न सहज भएको प्रतिक्रिया दिए।

नहर सुविधा नपुगेका क्षेत्रमा भने किसानले डिप ट्युबवेल, इनार तथा विद्युतीय मोटरको सहायताले सिँचाइ गरेर रोपाइँ गरिरहेका छन्। भने सिँचाइको वैकल्पिक व्यवस्था नभएका किसान अझै आकाशे पानीको प्रतीक्षामा छन्।

कृषि विकास निर्देशनालय, मधेश प्रदेशका अनुसार असार १९ गतेसम्म धनुषामा ४३ हजार ७ सय हेक्टर धान खेतीयोग्य जमिनमध्ये ६ हजार ५ सय ५५ हेक्टर अर्थात् १५ प्रतिशत क्षेत्रमा मात्र रोपाइँ सम्पन्न भएको छ। प्रदेशभर तीन लाख ८५ हजार ९३३ हेक्टर धान खेतीयोग्य जमिनमध्ये ५९ हजार ८९५ दशमलव ०६ हेक्टर अर्थात् १४ दशमलव ७३ प्रतिशत क्षेत्रमा मात्र धान रोपाइँ भएको तथ्याङ्कले देखाएको छ।

## सिरहा नगरपालिकामा सुशासनको माग गर्दै रास्वपाको ...........

यता नगर प्रमुख डा. नवीन कुमार यादवले ज्ञापनपत्रलाई स्थानीय सरकारप्रति नागरिक तथा राजनीतिक दलको रचनात्मक सुझावका रूपमा लिएको बताउँदै स्थानीय तहको अधिकार क्षेत्र, उपलब्ध स्रोत-साधन, जनशक्ति र बजेटको सीमाभित्र रहेर कार्यान्वयन गर्न सकिने मागहरूलाई प्राथमिकताका साथ सम्बोधन गरिने बताए।

उनका अनुसार स्थानीय सरकारको अधिकार क्षेत्रभन्दा बाहिर रहेका विषयमा सम्बन्धित मन्त्रालय तथा निकायसँग आवश्यक समन्वय र पहल गरिनेछ। नगर प्रमुख यादवले विगतमा निमित प्रमुख प्रशासकीय अधिकृतको कार्यसम्पादनमा देखिएको कमजोरीका कारण कार्यपालिकाले गरेको २२ वटै वडामा अनलाइन सेवा विस्तार गर्ने निर्णय प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै केही पक्षले त्यस विषयलाई अनावश्यक रूपमा राजनीतिक रंग दिन खोजेको दाबी गरे।

उनले हाल नयाँ प्रमुख प्रशासकीय अधिकृत आएपछि २२ वटै वडामा नेटवर्क विस्तार तथा अनलाइन सेवा सञ्चालनको काम तीव्र गतिमा अघि बढेको जानकारी दिए। उनका अनुसार अधिकांश वडामा अनलाइन प्रणाली सञ्चालन भइसकेको छ भने बाँकी रहेका प्राविधिक समस्या सूचना प्रविधि (आईटी) शाखा तथा सम्बन्धित निकायसँग समन्वय गरेर समाधान गर्ने प्रक्रिया जारी रहेको छ।

स्थानीय तहमा सेवा प्रवाह, पारदर्शिता र सुशासनलाई लिएर रास्वपाले उठाएका विषय तथा नगर प्रमुखले व्यक्त गरेको कार्यान्वयन प्रतिबद्धताले सिरहा नगरपालिकामा सार्वजनिक सेवा सुधारसम्बन्धी बहसलाई थप केन्द्रमा ल्याएको छ।




## बडहरामाल स्वास्थ्य चौकीमा टीबी च्याम्पियन ...........

सहभागिता रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै अधिकृत यादवले नेपालले सन् २०३५ सम्म क्षयरोग अन्त्य गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्न समुदायको सक्रिय सहभागिता अपरिहार्य रहेको बताए। स्वास्थ्य चौकी प्रमुख दासले टीबीबाट निको भएका व्यक्तिहरूको अनुभव र नेतृत्वले सामाजिक लाञ्छना न्यूनीकरण तथा नयाँ बिरामीको पहिचानमा महत्वपूर्ण योगदान पुग्ने बताए।

क्षयरोग फोकल पर्सन नन्दलाल यादव तथा ओपीडी फोकल पर्सन नवलेन्द्र अधिकारीले दुई साताभन्दा बढी लगातार खोकी लाग्ने, तौल घट्ने, ज्वरो आउने वा राति अत्यधिक पसिना आउनेजस्ता लक्षण देखिएमा तत्काल स्वास्थ्य संस्थामा परीक्षण गराउन आग्रह गरे।

स्वास्थ्य शाखा प्रमुख सुन्दरकुमार सदाले समुदायमा आधारित यस्ता कार्यक्रमले क्षयरोग नियन्त्रणका साथै समाजमा सकारात्मक व्यवहार परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेल्ने बताउँदै कार्यक्रम सञ्चालन गरेकोमा बागमती सेवा समाज नेपालप्रति आभार व्यक्त गरे।



नवनिर्मित टीबी च्याम्पियन क्लबका अध्यक्ष धर्मनाथ यादवले समुदायमा क्षयरोगसम्बन्धी सचेतना फैलाउने, लक्षण भएका व्यक्तिलाई समयमै परीक्षणका लागि प्रेरित गर्ने तथा उपचाररत बिरामीलाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। क्लबकी उपाध्यक्ष गीता सदाले सामाजिक लाञ्छना र विभेद न्यूनीकरणका लागि क्लबका सम्पूर्ण पदाधिकारी सक्रिय रूपमा परिचालन हुने बताए।

समाजका जिल्ला परियोजना संयोजक प्रमित कुमार साहले टीबी च्याम्पियन क्लब समुदाय र स्वास्थ्य संस्थाबीच प्रभावकारी सेतुका रूपमा रही क्षयरोग नियन्त्रण अभियानलाई थप सुदृढ बनाउने बताए। आउटरिच वर्कर सुभाष कुमार यादवले समुदायस्तरमा निरन्तर सचेतनामूलक अभियान सञ्चालन गरी क्षयरोगसम्बन्धी भ्रम, विभेद र लाञ्छना अन्त्य गर्न आफू सक्रिय रहने बताए।

कार्यक्रमका सहभागीहरूले समुदायमा आधारित यस्ता अभियानले क्षयरोग नियन्त्रण तथा सन् २०३५ सम्म नेपाललाई क्षयरोगमुक्त बनाउने राष्ट्रिय लक्ष्य हासिल गर्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए।

## १५ वर्षसम्म पनि अधुरो कमला पुल निर्माण ...........

तर पुल अझै सञ्चालनमा आउन सकेको छैन।

समयको गतिसँगै नदीमा अनगिन्ती बाढी आए र बगे। यसबीचमा थुप्रै सरकार फेरिए, मन्त्री फेरिए तर ठेकेदारको म्याद थपिँदै गयो। विभागीय मन्त्रीदेखि प्रधानमन्त्रीसम्मको सिलसिलेवार अनुगमन भयो, प्रगतिका प्रतिवेदन तयार भए, तर स्थानीयको सास्ती उस्तै रह्यो।

कागजमा ९३ प्रतिशत प्रगति देखाएर राज्यकोषबाट करोडौं रुपैयाँ भुक्तानी भइसके पनि भुईंमान्छेको सपना भने अझै कमलाको बगरमै अलपत्र छ। पुल निर्माण नहुँदा स्थानीयले हरेक वर्ष उस्तै सास्ती भोग्दै आएका छन्।

सिरहा नगरपालिका–३ का किसान बलराम यादवले पीडा व्यक्त गर्दै भने, 'यहाँका नागरिकलाई वस्तुभाउ चराउन, घाँसपात गर्न र उत्पादित तरकारी तथा दूध समयमै बजार पुर्‍याउन चौध वर्षदेखि एउटै सास्ती छ। पुल नहुँदा वर्षामा पुरानो काठको डुङ्गामा ज्यान हत्केलामा राखेर पैदलयात्रु, साइकल र मोटरसाइकल वारपार गर्नुपर्छ। डुङ्गाको सन्तुलन बिग्रिएर बीचमै पल्टिने हो कि भन्ने त्रासमै हाम्रा १५ वर्ष बिते।'

उनले पुल निर्माणमा भएको ढिलाइले स्थानीयको जनजीवन प्रभावित भएको बताए।

पुल नहुँदा स्थानीय किसानले उत्पादन समयमै बजार पुर्‍याउन नसक्दा आर्थिक नोक्सानी व्यहोर्नुपरेको छ। दूध तथा तरकारी ढुवानीमा विशेष समस्या हुने गरेको स्थानीयको भनाइ छ। सबैभन्दा पीडादायी अवस्था बिरामी, सुत्केरी र वृद्धवृद्धाको बनेको छ। आकस्मिक अवस्थामा अस्पताल पुर्‍याउनुपर्ने बेला नदीको भेल नै सबैभन्दा ठूलो अवरोध बन्छ।

मधेश प्रदेशको आर्थिक 'लाइफ लाइन' मानिने हुलाकी राजमार्गअन्तर्गत तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित विसं २०६८ मा सुरु भएको थियो, कमला पुल निर्माण।

तत्कालीन समयमा २४ करोड ९० लाख ९७ हजार २०० रुपैयाँमा भएको ठेक्का सम्झौताअनुसार पुलसँगै एक हजार ३०० मिटर नदी नियन्त्रण (तटबन्ध) र दुई सय मिटर पहुँचमार्ग (एप्रोच रोड) निर्माण गर्नुपर्ने थियो।

तर, राज्यकोषबाट २३ करोड १९ लाखभन्दा बढी रकम भुक्तानी भइसक्दा पनि पुल सञ्चालनमा आउन सकेको छैन। कागजमा ९३ प्रतिशत भौतिक प्रगति देखिए पनि नागरिकले त्यसको प्रतिफल अझै पाएका छैनन्।

पप्पु–लुम्बिनी बिल्डर्स जेभीले २०६८ जेठ ३१ मा ठेक्का पाई २०७१ मसिर ३० भित्र सक्नुपर्ने यो आयोजना हाल नवौं पटकको म्याद थप प्रक्रियामा छ।

विसं २०७५ को बाढीपछि पप्पु कन्स्ट्रक्सन बाहिरिएर साझेदार लुम्बिनी बिल्डर्सले काम अन्तिम चरणमा पुर्‍याए पनि सञ्चालन नहुँदै २०७८ सालमा पुलका दुई वटा पिलर नदीमा भासिए। यति गम्भीर प्राविधिक त्रुटि हुँदा पनि सोही कम्पनीलाई नै पुनःनिर्माणको जिम्मा दिइए पनि चार वर्षदेखि अवस्था उस्तै छ।

हुलाकी राजमार्ग निर्देशनालय, जनकपुरका आयोजना प्रमुख कृष्णकुमार महतोका अनुसार बाढीपछिको प्राविधिक मूल्यांकन, डिजाइन पुनरावलोकन र प्रशासनिक प्रक्रियाले निर्माण अवधि लम्बिएको हो।

हाल पुनःनिर्माणका लागि जग (पायर) राख्ने काम सकिएर जमिनमाथिको संरचना मात्र बाँकी रहेको जानकारी दिँदै उनले भने, 'नयाँ पुल बनाउनुभन्दा भत्किएको संरचना पुनःनिर्माण गर्नु आर्थिक रूपमा उपयुक्त भएकाले ताकेता गरिरहेका छौं। सम्झौताअनुसार ढिलाइको अतिरिक्त लागत निर्माण कम्पनी आफैंले व्यहोर्नेछ।'

यद्यपि, विसं २०६८ को २४ करोडको बजार मूल्य र आजको लागतबीच आकाश-जमिनको अन्तर आइसकेकाले राज्यले यस आयोजनाबाट अर्बौंको 'अवसर लागत' गुमाइसकेको छ।

अर्थशास्त्रका प्राध्यापक धरणीधर अधिकारीका अनुसार हुलाकी राजमार्ग मधेश प्रदेशको मात्र नभई समग्र मुलुककै व्यापारिक तथा रणनीतिक मेरुदण्ड हो।

उनी भन्छन्, 'यति महत्वपूर्ण आयोजना १५ वर्षसम्म अलपत्र पर्नुले हाम्रो विकास प्रशासन र पुँजीगत खर्च गर्ने क्षमताको वास्तविक अवस्था उजागर गरेको छ। समयमै आयोजना सम्पन्न नहुँदा कृषि, व्यापार, औद्योगिक आपूर्ति शृंखला र स्थानीय अर्थतन्त्रमा दीर्घकालीन नकारात्मक असर परेको छ।'

पुल निर्माणमा भएको ढिलाइले स्थानीय जनजीवन र बजार नराम्ररी प्रभावित भएको छ। सिरहा सदरमुकामबाट केवल ३१ किलोमिटरको दूरीमा रहेको प्रदेश राजधानी जनकपुरधाम पुग्न अहिले चोहर्वा र ढल्केबर हुँदै करिब ९० किलोमिटर घुम्नुपर्ने बाध्यता छ, जबकि पुल बनेको भए यो दूरी आधा घण्टामै पार हुने थियो।

बजार पहुँचको अभावमा स्थानीय किसानले आफ्ना उत्पादनको उचित मूल्य पाउन सकेका छैनन् भने ढुवानी खर्च बढ्दा स्थानीय व्यवसायीहरूको प्रतिस्पर्धात्मक क्षमता समेत कमजोर बनेको छ।

स्थानीय जनप्रतिनिधि र नागरिक समाजले पनि सरकारको उदासीनताप्रति तीव्र असन्तुष्टि व्यक्त गरेका छन्। सिरहा नगरपालिका–६ का वडाध्यक्ष इन्द्रजित यादव भन्छन्, 'राज्यले स्थानीय नागरिकमाथि सरकार अन्याय गरिरहेको छ। हरेक वर्षामा समस्या दोहोरिन्छ, वर्षा सकिएपछि पुलको चर्चा पनि सेलाउँछ। आखिर यो सास्ती कहिलेसम्म ?'

सरकारी बेवास्ताबाट निराश स्थानीय बासिन्दा अहिले भासिएको पुलको साटो नयाँ पुलको माग गर्दै जनस्तरबाट बृहत् अभियान सञ्चालन गर्ने तयारीमा छन्।

कमला पुल निर्माण संघर्ष समितिका संयोजक रामफिन यादवले सरकारले जनतामाथि ठूलो अन्याय गरेको बताए।

गत जेठमा भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालले स्थलगत अनुगमन गरी निर्माण चाँडो सक्न निर्देशन दिएका थिए।

संघर्ष समितिमा आबद्ध स्थानीय इन्जिनियर प्रवीन यादवले भन्छन्, 'हामीले अनुगमन र निर्देशन धेरै पटक देखिसक्यौं, तर कामले गति लिएन। स्पष्ट कार्ययोजना र निश्चित समय सीमाविना दिइने निर्देशनले स्थानीयको विश्वास फर्कन सक्दैन, सरकारले अब आश्वासन होइन परिणाम देखाउनुपर्छ।'

कमला पुलको १५ वर्ष अलपत्र कथा केवल एउटा पूर्वाधारको असफलता मात्र होइन, यो सार्वजनिक वित्त व्यवस्थापन, कमजोर ठेक्का प्रणाली, सुस्त विकास प्रशासन र जवाफदेहिताको अभावको ज्वलन्त ऐनाका रूपमा हेर्न सकिने स्थानीयको बुझाइ छ।

# धान रोपाइँमा किसानको लागत बढ्यो



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार २३ गते**

मधेशका किसान यतिबेला धान रोपाइँमा व्यस्त छन्। धान रोपाइँका लागि सिँचाइ तथा मलखादको समस्या त छँदैछ, यो वर्ष जोताइ खर्च बढेका कारण मारमा परेको किसान बताउँछन्।

डिजेलको मूल्यवृद्धिसँगै ट्र्याक्टरबाट खेत जोत्ने शुल्क बढेको छ भने गाउँघरमा कामदार अभावले रोपाइँ प्रभावित बनेको किसानहरूको गुनासो छ।

किसानका अनुसार ट्र्याक्टरबाट खेत जोत्न अहिले प्रतिघण्टा २ हजार ५ सय रुपैयाँसम्म तिर्नुपरेको छ। गत वर्ष यही कामका लागि १ हजार ५ सयदेखि १ हजार ७ सय रुपैयाँसम्म तिर्ने गरेका किसानले यस वर्ष प्रतिघण्टा झन्डै एक हजार रुपैयाँ बढी खर्च गर्न बाध्य भएका हुन्।

एक साताअघि सरकारले डिजेलको मूल्य प्रतिलिटर ३० रुपैयाँ घटाए पनि ट्र्याक्टरबाट खेत जोत्ने शुल्कमा कमी नआएको किसानहरूको गुनासो छ।

धनुषाको विदेह नगरपालिका-४ का किसान विपिन बिहारी यादवले जोताइ खर्च अत्यधिक बढ्दा धान रोपाइँको लागत गत वर्षभन्दा निकै बढेको बताए। उनका अनुसार धान रोप्ने समयमै ट्र्याक्टरको खर्च महँगो हुँदा किसान आर्थिक रूपमा थप मारमा परेका छन्।

अधिकांश किसानले गोरु पाल्न छोडेपछि भिरालो जग्गाबाहेक अधिकांश खेत ट्र्याक्टरबाटै जोत्नुपर्ने अवस्था छ। जोताइ खर्चसँगै मल, कीटनाशक विषादी र अन्य कृषि सामग्रीको मूल्यसमेत बढ्दा खेती झन् महँगो बन्दै गएको किसानहरू बताउँछन्।

धनुषाको जनकपुरधाम उपमहानगरपालिका -२३ का विलास साहले खेतका आली-भित्तो खन्न, धानको बेर्ना उखेल्न र रोपाइँ गर्नसमेत कामदार पाउन मुस्किल भएको बताए। उनका अनुसार सबै ठाउँमा एकैसाथ रोपाइँ सुरु भएकाले मजदुरको अभाव झन् चर्किएको छ।

महोत्तरी गाउँपालिका, पर्साका किसान विवेकानन्द ठाकुरले गाउँका काम गर्ने उमेरका अधिकांश युवा पञ्जाब, दिल्ली, मुम्बई तथा वैदेशिक रोजगारीमा गएकाले खेतबारीमा काम गर्ने जनशक्ति अभाव भएको बताए।

यस्तै, सर्लाहीको सलेमपुरका किसान गगनदेव झाले मजदुर पाउनै कठिन भएको, पाए पनि ज्याला धेरै माग्ने र समयमा कामसमेत नगर्ने समस्या रहेको गुनासो गरे।

पूर्वकृषि प्रमुख ठाकुरनारायण ठाकुरका अनुसार सबै किसानको पहुँचमा आधुनिक कृषि यन्त्र-उपकरण पुग्न नसक्दा अझै पनि धेरै किसान मजदुरकै भर पर्न बाध्य छन्। इन्धनको मूल्यवृद्धिका कारण यस वर्ष धानसहित अन्य बालीको उत्पादन लागत स्वाभाविक रूपमा बढेको उनले बताए।

कृषि उत्पादन लागत लगातार बढ्दै जाँदा र कामदार अभाव चर्किँदै जाँदा किसानहरू थप समस्यामा परेका छन्। कृषि क्षेत्रमा यान्त्रिकीकरण विस्तार, सहज दरमा कृषि सेवा उपलब्ध गराउने तथा श्रम व्यवस्थापनमा प्रभावकारी नीति ल्याउनुपर्ने आवश्यकता किसानले औँल्याएका छन्।

# संविधान संशोधनमा राष्ट्रिय सहमति कायम गर्न ४ दलको माग, नत्र कार्यदलमा नबस्ने चेतावनी



**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार २३ गते**

विपक्षी चार दलले संविधान संशोधनको बहसपत्र तयार गर्ने सरकारी कार्यदलको कामप्रति असहमति जनाउँदै राष्ट्रिय सहमति बिना संविधान संशोधन प्रक्रिया अघि नबढाउन आग्रह गरेका छन्।

नेकपा, लोसपा, जसपा र राजमोका नेताहरूले संयुक्त रूपमा सरकारलाई बुझाएको पत्रमा संविधान संशोधनका आधारभूत विषयमा पर्याप्त सहमति नबनाई बहसपत्र तयार गर्ने प्रक्रिया उपयुक्त नभएको बताएका छन्।

बहसपत्र कार्यदल संयोजक असिम शाहलाई पत्र लेख्दै उनीहरुले आफ्ना धारणा सुनुवाइ नभएमा संविधान संशोधन बहसपत्र तयार पार्ने काममा सहभागी नहुने चेतावनी समेत दिएका छन्।

पत्रमा नेकपाका देव गुरुङ, राजमोका मनोज भट्ट, जसपाका डा. सुरेन्द्र झा र लोसपाका लक्ष्मण लाल कर्णले हस्ताक्षर गरेका छन्।

संविधान संशोधनको बहसपत्र तयार पार्न गठित कार्यदलको पछिल्लोपटक थपिएको म्याद असार मसान्तसम्म छ।

उनीहरूले संविधान संशोधन अघि बढाउनुअघि बहसको प्रक्रिया पुनरावलोकन गर्न, संशोधन गर्नुपर्ने विषयहरू स्पष्ट गर्न, संविधानको प्रस्तावना र आधारभूत मूल्य-मान्यतामा आँच नपुग्ने प्रतिबद्धता जनाउन तथा संसदान प्रतिनिधित्व गर्ने सबै दलको सर्वदलीय बैठक बोलाएर राष्ट्रिय सहमति कायम गर्न सरकारसँग माग गरेका छन्।

संयुक्त विज्ञप्ति जारी गर्ने चार दलका नेताहरुले कार्यदलको क्षेत्राधिकार, संविधान संशोधन केके विषयमा गर्ने लगायतका अवधारणा पहिले स्पष्ट हुनुपर्ने जनाएका छन्। तर अहिलेसम्म सरकारबाट ती कुनै विषयबारे सम्बोधन नभएको उनीहरुको भनाइ छ।

पत्रमा संविधान संशोधनका नाममा विभिन्न सरोकारवालासँग सुझाव संकलन गर्ने क्रममा संविधानका सबै धारा र प्रस्तावनासमेत खुला छलफलमा ल्याउन खोजिएको भन्दै आपत्ति जनाइएको छ। संविधानप्रति शपथ लिएको सरकारले संविधानको प्रस्तावना तथा आधारभूत मान्यतासमेत खुला बहसको विषय बनाउनु संविधानको भावना र जनादेशविपरीत हुने उनीहरूको तर्क छ।

'संविधान संशोधनको नाममा संविधानको प्रस्तावना लगायतका आधारभूत विषयहरु र सम्पूर्ण धारा दफाहरु खुला गर्ने कार्य जनताको जनादेश र संविधानको भावना विपरीत हुन्छ। त्यसैले संविधान र संविधान संशोधनको आम सार्वभौम मान्यता विपरीत बहसपत्र तयार गर्ने प्रक्रियामा हाम्रो सहमति र सहभागीता हुन सक्दैन,' उनीहरुले भनेका छन्।

# सिरहाका सीमावर्ती क्षेत्रबाट १४ लाख रुपैयाँभन्दा बढीका अवैध सामान बरामद

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २३ गते**



गस्तीमा खटिएको सशस्त्र प्रहरी बलको टोलीले नेपाल-भारत सीमा जोडिएका जिल्लाका विभिन्न ठाउँबाट १४ लाख रुपैयाँभन्दा बढीका अवैध सामान बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाका अनुसार गस्तीमा रहेका सशस्त्र प्रहरीको छुट्टाछुट्टै टोलीले जिल्लाको विभिन्न सीमावर्ती इलाकाहरूबाट कस्मेटिक्स सामान, पित्तलको भाँडा, मदिरा, इलेक्ट्रोनिक्स तथा किराना सामान, डिजेल र एक थान मोटरसाइकल बरामद गरेको हो।

जिल्लाको सीमावर्ती इलाकाहरूबाट भन्सार छली अवैध रूपमा भारतबाट नेपालतर्फ ल्याउँदै गरेको तथा नेपालबाट भारततर्फ लैजाँदै गरेको अवस्थामा करिब १४ लाख तीन हजार ३२६ रुपैयाँबराबरका सामान बरामद गरिएको उनले बताए। उनका अनुसार बरामद गरिएका सामान आवश्यक प्रक्रिया पूरा गरी मंगलबार माडर भन्सारमा बुझाइएको छ।

## मधेशमा अब प्रदेश ............

जिउधनको सुरक्षा गर्ने, अपराध रोकथाम र नियन्त्रण गर्ने, सार्वजनिक सुरक्षासम्बन्धी सूचना संकलन र विश्लेषण गर्ने, प्रदेशभित्रका महत्त्वपूर्ण व्यक्ति, स्थान, निकाय वा आयोजनाको सुरक्षा गर्ने जिम्मेवारी पाउँछ।

त्यसैगरी, प्रदेशभित्रको यातायात, सरकारी तथा सार्वजनिक सम्पत्तिको सुरक्षा, विपद्का समयमा उद्धार र राहत, अपराधसम्बन्धी प्रादेशिक अभिलेख, प्रदेश कारागार तथा हिरासतको सुरक्षा, ट्राफिक व्यवस्थापन, निजी सुरक्षा प्रदायकको अनुगमन र सामुदायिक प्रहरीसम्बन्धी काम पनि प्रदेश प्रहरीको जिम्मेवारीमा पर्छ।

ऐनले नेपाल प्रहरी र अन्य प्रदेश प्रहरी संगठनसँग सूचना आदानप्रदान तथा समन्वय गर्ने व्यवस्था पनि गरेको छ। तर, प्रदेश प्रहरी गठन नभएकाले यी प्रावधान कागजमै सीमित छन्।

## दुर्गा प्रसाईं समूहद्वारा जनकपुरमा सरकारविरुद्ध ............

सुधारको माग गर्दै सरकारविरुद्ध नाराबाजी गरेका थिए। सुरक्षा व्यवस्थालाई ध्यानमा राख्दै नेपाल प्रहरीले विशेष सुरक्षा व्यवस्था गरेको थियो।

कोणसभालाई सम्बोधन गर्दै अभियानका संयोजक प्रसाईंले वर्तमान सरकारले जनअपेक्षा अनुसार काम गर्न नसकेको आरोप लगाए। उनले सरकारको प्रशासनिक प्रणाली राजनीतिक नेतृत्वकै कारण कमजोर बन्दै गएको आरोप लगाउँदै सरकारका गतिविधिमाथि नागरिकस्तरबाट खबरदारी गर्नुपर्नेमा जोड दिएका थिए।

प्रसाईंले मुलुकको प्रशासनिक अवस्था, आर्थिक चुनौती, सुशासन तथा विदेश नीतिका विषयमा समेत सरकारमाथि प्रश्न पनि उठाए। उनले सरकारले जनताको विश्वास गुमाउँदै गएको आरोप पनि लगाए।

## जनकपुरका निजी अस्पतालमा श्रम कार्यालयको ............

अवस्था भेटिएको छ।

कार्यालयका अनुसार अनुगमनलाई केवल निगरानीका रूपमा मात्र नभई श्रमिक र रोजगारदातामा श्रम अधिकार तथा कानुनी दायित्वबारे सचेतना फैलाउने अभियानका रूपमा समेत सञ्चालन गरिएको छ।

श्रम तथा रोजगार कार्यालयले आगामी दिनमा अनुगमनलाई अझ प्रभावकारी बनाउँदै सदरमुकाममा मात्र सीमित नराखी धनुषा, महोत्तरी, सर्लाही, सिरहा र सप्तरी जिल्लाका निजी प्रतिष्ठानहरूमा समेत निरन्तर सञ्चालन गर्ने जनाएको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

